# वालिङ नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

**क) शिक्षा सम्बन्धी नीतिः**

१. आधारभूत तहका वालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिनेछ ।
२. प्रत्येक विद्यालयलाई क्रमश: कम्प्यूटरको व्यवस्था गरिनेछ ।
३. सवै विद्यालयहरुमा एकै प्रकारको रंगरोगन लगाईनेछ ।
४. प्रत्येक विद्यालयबाट कम्तिमा एक जना शिक्षकलाई ICT सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
५. नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वकृत्वकला, संगीत आदि) संचालन गरिनेछ ।
६. विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गर्दै गईनेछ ।
७. प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
८. आगामी शैक्षिक सत्रदेखि सवै विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म एकै प्रकारको स्थानीय विषय लागू गरिनेछ ।
९. सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठनपाठन व्यवस्था गरिनेछ ।
१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण सुधार सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
११. बालदिवस सहयोगी कार्यकर्ता र लेखा हेर्ने शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
१२. विद्यालय निरिक्षण/अनुगमन कार्यलाई प्रभावकारी वनाईनेछ ।
१३. आवश्यकतानुसार विद्यालय मर्ज / पुनर्नक्शांकनको व्यवस्था मिलाईनेछ ।
१४. शिक्षक दरवन्दी मिलानको कार्य लाई व्यवस्थित गरिनेछ ।
१५. प्रत्येक ३/३ महिनामा आधारभूत/मा.वि. प्र.अ. वैठक नगरपालिकामा बस्ने व्यवस्था मिलाईनेछ ।
१६. विद्यालयहरुमा शिक्षक डायरीको अनिवार्य व्यवस्था गरिनेछ ।
१७. आधारभूत तह कक्षा ८ को परीक्षा नगरस्तरीय रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।
१८. प्रत्येक वडामा एउटा माध्यामिक विद्यालयलाई क्रमशः नमूना विद्यालय र सूचना प्रविधि सम्पन्न वनाउदै लगिनेछ । साथै मा.वी. तहमा क्रमश ईनिभेसन केन्द्र खोलीदै लगिनेछ ।
१९. प्राविधिक शिक्षा, एयष्तिभअजलष्अ क्ष्लकतष्तगतभ को स्थापना, मौजुदा मा.वि.,नि.मा.वि. मा प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि प्रौत्साहन गर्ने । साथै प्राविधिक विद्यालयको रुपमा रुपान्तरण गर्दै लगिने छ ।
२०. सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
२१. प्लस २ र उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लागि विद्यालय र क्याम्पस वीच समझदारी कायम राखिनेछ ।
२२. नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।
२३. नगर भित्र शिक्षा समिति र शिक्षा शाखा स्थापना गरि व्यवस्थित शिक्षा प्रणालीको विकास गरिनेछ ।
२४. वालिङ नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण,पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।
२५. सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछ ।
२६. **सवैका लागि र सधैका लागि शिक्षा** भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
२७. कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ ।
२८. मेडिकल कलेज, ईन्जिनियरिङ्ग कलेज, कृषि क्याम्पस खोल्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

**ख) स्वास्थ्य सम्बन्धी नीतिः**

१. राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु नगर अन्तरगतका सबै स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराईनेछ ।
२. नागरिकहरुको पहुँच पुग्ने गरि चिकित्सकीय सेवा प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरु गर्न स्वास्थ्य संस्थाहरु स्थापना गरि स्वास्थ्य प्रवर्द्धन,उपचार र पुनः स्थापना सेवा उपलब्ध गराईने छ ।
३. स्वास्थ्य संस्थाहरुलाई बाल, किशोरकिशोरी,अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिनेछ ।
४. समुदायमा आधारित स्वास्थ्य स्वयं सेवक, स्वास्थ्य आमा समुह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरीकहरुको परिचालन गरि स्वास्थ्य सेवालाई थप प्रभापकारी बनाईनेछ ।
५. नसर्ने प्रकृतिका रोगहरुको नियन्त्रण तथा उपचार,आंखा उपचार सेवा,मुख स्वास्थ्यको प्रवर्द्धन तथा सडक दुर्घटना न्यूनिकरण तथा उपचारको व्यवस्था गरिनेछ।
६. खोप सेवालाई थप प्रभावकारी रुपमा संचालन गर्न आवश्यकताको आधारमा नयां भ्याक्सीन थप गर्ने र आपूर्ति व्यवस्थापनमा नगरको क्षमता अभिबृद्धि गरिनेछ ।
७. नगर अन्तर्गत हाल संचालनमा रहेका सरकारी प्राथमिक स्वास्थ्य केन्द्रलाई विशेषज्ञ सेवा सहितको ५० वेडको अस्पतालको रुपमा स्तरोउन्नती गरिनेछ ।
८. स्थानीय जडिबुटी पहिचान, उत्पादन संरक्षण तथा प्रशोधनलाई व्यवसायीकरण गर्न प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।

९. लागू पदार्थको नियन्त्रण, मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्ति जन्य पदार्थको विक्री वितरण र प्रयोगमा प्रभावकारी नियमन गरिनेछ। र यस्ता अस्वास्थ्य पदार्थहरुको प्रगोगलाई रोकथाम गर्न आवश्यक पैरवि तथा चेतना मूलक कार्यक्रमहरु संचालन गरि यी व्यवहारबाट सृजित स्वास्थ्य समस्याको उपचार तथा पुर्नस्थापनाको व्यवस्था मिलाईनेछ।
१०. नगर भित्रका प्रमुख पर्यटकीय स्थलहरुलाई स्वास्थ्यका दृष्टिले पर्यटक मैत्री बनाईनेछ।
११. नगरका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाह विवरणको विद्युतिय अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ। ICT को माध्यमबाट रोपोटीङ गर्ने व्यवस्था गरिनेछ।
१२. परिवार नियोजनका ५ वटै आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै उपलब्ध हुने गरी सुनिश्चित गरिनेछ।
१३. शिक्षण संस्थाहरु संग समन्वय गरि स्थानीय आवश्यकता अनुसारको स्वास्थ्य जनशक्ति उत्पादन गरिनेछ ,
१४. गुणस्तरिय स्वास्थय सेवा प्रवाहका लागि स्वास्थ्य संस्था स्थापना, संचालन स्तरउन्नती तथा नियमन गर्ने।
१५. कानुनी व्यवस्था गरि निजि तथा गैर सरकारी क्षेत्रबाट संचालित, निदान केन्द्र औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको संचालन अनुमति, नविकरण, सहजिकरण र नियमन गरिनेछ।
१६. सम्पूर्ण नगरवासीलाई स्वाथ्य विमामा समेटिने छ।
१७. क्षयरोग, एच.आई.भि.,औलो तथा पानिबाट सर्ने लगायतका सरुवा रोगहरुको रोकथाम नियन्त्रण उपचार तथा पुर्नस्थापनामा प्रथामिकता दिईनेछ।
१८. टिचिङ. हस्पिटलको पूर्वाधार निर्माण कार्य अगाडि वढाइनेछ।
१९. नगरपालिका भित्र जडिवुटी केन्द्रको रुपमा विकसित गराई आयुर्वेद महाविद्यालयको स्थापना गर्न पहल गरिनेछ।
२०. सवै वडाकेन्द्र, स्वास्थ्य संस्थामा कम्तिमा एक एक वटा एम्बुलेन्सको व्यवस्था गरिनेछ।
२१. प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरी आवश्यक उपकरण उपलव्ध गराईनेछ। आवश्यक औषधि, खोपको वितरण समूचित रुपमा उपलव्ध गराई रिफरल केन्द्रको रुपमा विकसित गराई न..पा.केन्द्रमा आधुनिक सुविधा सम्पन्न अस्पतालको निर्माण गरिनेछ।
२२. विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभुत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ।
२३. स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।
२४. महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराईनेछ।
२५. वालिङ प्राथमिक स्वास्थ्य केन्द्रलाई मोवाइल हाईवे अस्पतालको रुपमा संचालन गरनेछ।
२६. पतन्जली योग पीठको केन्द्र निर्माण गर्नको लागि जग्गा उपलब्ध गराउन पहल गरिने छ।

**ग) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरु सम्बन्धि नीतिहरुः**

१. लैङगिक समता अभिबृद्धि गरि लैङगिक समानता कायम गर्न पहल गरीनेछ।
२. महिलाहरुको आर्थिक र सामाजिक सशक्तिकरणका लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
३. महिलाहरुको आम्दानी बृद्धि हुने खालका रोजगारमुलक र व्यवसायिक क्रियाकलाप संचालन गरिनेछ।
४. एकल महिलाको क्षमता तथा व्यवसायिक क्रियाकलाप अभिवृद्धिमा विशेष ध्यान पुऱ्याईनेछ।
५. हिंसा पिडित महिलाको उचित संरक्षणको व्यवस्था मिलाईनेछ।
६. मानव बेचविखनमा परेका महिलाको लागि संरक्षण र सीप विकासमा विशेष ध्यान पुऱ्याईनेछ।

**बालबालिका सम्बन्धि नीतिहरु**

१. नगरपालिका क्षेत्र भित्र फेला परेका वेवारिसे वालबालिकाहरुको संरक्षणको व्यवस्था मिलाईनेछ।
२. हिसां प्रभावित बालकालिकाको संरक्षण र शिक्षाको व्यवस्था मिलाईनेछ।
३. बालश्रम मुक्त नगर घोषणाको लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
४. बालमैत्री नगर बनाउन आवश्यक क्रियाकलाप गरिनेछ।
५. बालविकास र बालमैत्री वातावारणका लागि स्मार्ट बाल क्लव/ स्मार्ट बाल संजाल गठन गरिनेछ।
६. प्रत्येक विद्यालय र प्रत्येक वडामा वालक्लव गठन गरि नगर स्तरीय बाल संजाल गठन गरिनेछ।

**फरक क्षमता भएका व्यक्तिहरुका लागि नीतिहरु**

१. फरक क्षमता भएका व्यक्तिहरुको लागि सीप तथा क्षमता विकास कार्यक्रम संचालनको व्यवस्था मिलाईनेछ।
२. फरक क्षमता भएका व्यक्तिहरु सम्मानपूर्वक जिउन सक्ने वातावरणको सृजना गर्न आवश्यक क्रियाकलाप संचालन गरीनेछ।
३. फरक क्षमता मैत्री भौतिक संरचना निर्माणको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ।
४. फरक क्षमताको विकासको लागि सिप मुलक कार्यक्रम संचालन गरिनेछ।

**जेष्ठ नागरिक सम्बन्धि नीति**

१. जेष्ठ नागरिकहरुको ज्ञान,सीप र अनुभवलाई नगरपालिकाको विकासमा आत्मसाथ गरिनेछ ।
२. जेष्ठ नागरिकहरुलाई सम्मान पूर्वक जिउन पाउने वातावरण तयार गरिनेछ।
३. प्रत्येक वडामा १-१ वटा दिवा सेवा केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
४. अन्तरपुस्ता सीप हस्तान्तरणको लागि आवश्यक कृयाकलापहरु संचालन गरिनेछ।
५. ६० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई परिचय पत्र उपलब्ध गराई सो अनुसारको सेवा सुविधा उपलब्ध गराउन सम्बन्धित संस्थालाई अभिमुखिकरणको व्यवस्था मिलाईनेछ।

(घ) कृषि/पशु/सहकारी नीति तथा कार्यक्रम

१. गाँउमा उत्पादन बजारमा बजारीकरण गर्ने।
२. वालिङ नगरको १४ वटा वडाका प्रत्येक एक गाँउलाई प्राविधिक तालिम उपलव्ध गराई एक गाँउ एक उत्पादन कार्यक्रम, प्रत्येक ग्रामीण घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गर्ने।
३. गाँउ गाँउमा आर्थिक विकासका लागि उत्पादनमूलक घरेलु कार्यक्रम लागू गर्ने।
४. आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ। पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडि वढाइने छ।
५. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।
६. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ।
७. विभिन्न वडाहरुमा कृषि पकेट क्षेत्रका कार्यक्रमहरु संचालन गरीनेछ।
८. नेपाल राष्ट्रबैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलीयतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी ऋण उपलब्ध गराईनेछ।
९. दातृ निकायको सहयोगमा कोष खडा गरी सस्तो व्याजदरमा नगरपालिकाले उद्यमीहरुलाई ऋण उपलब्ध गराउने छ।
१०. वीउपूजी परिचालनको कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिईन्छे।
११. पुश विमा,नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ।
१२. पशु संरक्षा एंव प्रवधन कार्यक्रम संचालन गरिनेछ।
१३. नगर स्थित सहकारी संस्थाहरु अनुमति,नियमन,विस्तार,प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

**(ङ) पूर्वाधार नीति**

१. शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ।
२. Smart Waling कार्यक्रम अन्तरगत नगर क्षेत्रका घरहरुमा Pink Color का घरहरु र गाँउ क्षेत्रका घरहरुमा सम्बन्धित गाँउ/वडाले सिफारिस गरे वमोजिमको Color का घरहरु रहनेछन। Pink Color को स्मार्ट वालिङको लोगो बनाई लागू गरिनेछ।
३. प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि सम्बन्धित क्षेत्रवाट कार्यान्वयन गर्ने।
४. नगरपालिका भित्रका सवै वडामा एउटै प्रणालीको विद्युत उपलब्ध गराउन र पूर्ण रुपमा लोडसेडिङ. हटाउन पहल गरिनेछ।
५. वैकल्पिक उर्जाको रुपमा सौयै उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्याँसको विकास गरिनेछ।
६. पूरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ।
७. नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिनेछ। Land Pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिनेछ।
८. नगरको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिनेछ। नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रान्त/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरि कार्यान्वयन गरिनेछ।
९. सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजीगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा १० प्रतिशत र नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिनेछ।
१०. लथालिङ्ग पोलका तारहरुलाई व्यवस्थित गराउन लगाईने छ।
११. नगरपालिका भित्रका राजमार्गलाई ४ लेनको वनाईनेछ।
१२. नगरस्तरीय सडकलाई २ लेनको वनाईनेछ। साथै वाह्रै महिना चल्ने वनाईनेछ।
१३. नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित बनाइनेछ र सुरक्षित वनाईनेछ। साथै मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिनेछ। साथै स्मार्ट यातायातको व्यवस्था गरिनेछ।
१४. पार्किङ व्यवस्थित गराईनेछ। सडकमा पार्किङ निषेध गरिनेछ।
१५. वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ।
१६. नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ।
१७. नगरका आसपासका क्षेत्रहरुको विकास गरि सेटलाईट सिटी/भिलेजको रुपमा विकास गरिनेछ।

१८. लागत साझेदारी / सहभागीतामा योजना कार्यान्वयन गर्ने विधिलाई प्राथमिकता दिईनेछ।
१९. पूर्वाधार निर्माणमा सार्वजनीक निजी साझोदारी नीति अनुसरण गरि लागु गरिनेछ।
२०. कुनै आयोजना तथा कार्यक्रममा दोहोरोपना पर्न गएमा नगर कार्यपालिकाको वोर्ड बैठकबाट उक्त आयोजनातथा कार्यक्रमहरुलाई संशोधन गर्ने गरिनेछ।

**(च) समावेशीकरण सम्बन्धि नीति**

१. लोपोन्मुख जातीहरु माझी, कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम उपलव्ध गराईनेछ।

**(छ) पर्यटन नीति**

१. आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ।
२. आन्तरिक पर्यटनका लागि पार्कको निर्माण गरिनेछ।
३. विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरि होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ।
४. प्याराग्लाईडिङ., क्यानोइड, साईक्लिङ, र्‍याफ्टिङ जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

**(ज.) आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति**

१. आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गरी सहज सरल र दायरा फराकिलो वनाई सर्वसुलभ वनाउने।
२. आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ।
३. फोहोरमैला व्यवस्थापन वापत प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई कर/शुल्क लगाईनेछ
४. टेलिफोन टावर, केवल लाइन र होर्डिङ. वोर्डमा कर लगाईनेछ।
५. नगरपालिकाले विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।
६. राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ।
७. घर नक्शापास नियमित गर्दा लाग्ने जरिवाना रकमलाई नक्शापास दस्तुर वरावर लाग्ने गरिएको छ।
८. साविक देखी लागू भई आएका कर/गैर कर का दरहरुमा सामान्य बृद्धि गरिएको छ।

**(झ) वन, वातावरण तथा सरसफाई नीति**

१. सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षा रोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ।
२. एक घर एक रुखको विरुवा, घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरित नगरको रुपमा विकास गरिनेछ।
३. आधिखोलाको सफाईमा विशेष ध्यान दिइने छ। नालाको पानी मिसाउदा सफा गरेर मात्र मिसाउने व्यवस्था गरिनेछ।
४. आधिखोला र सहायक खोलाको आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिनेछ।
५. सरसफाई केन्द्रको प्रभावकारितामा अरु वृद्धि गरी क्षमता विकास गर्ने। यस्ता केन्द्र वडा वडामा विस्तार गरिनेछ।
६. श्भचय ध्बकतभ प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी वनाइने छ
७. नगरक्षेत्रमा प्लाष्टिकको फोहोरलाई निरुत्साहित गर्दै लगिनेछ।
८. नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ।
९. वातावरण संरक्षणका लागि जिल्ला वन कार्यालयसँग समन्वय गरी एक नगर अनेक उद्यान कार्यक्रम सफल पार्न आवश्यक कार्यहरु अगाडि वढाईनेछ।
१०. नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अवलम्बन गरिनेछ।
११. नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिवाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ। विपद व्यवस्थापनका लागि अस्थायी Shelter को व्यवस्था गरिने छ।

**(ञ) उद्योग/घरेलु उद्योग सम्बन्धी नीति**

१. बजार क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गर्ने।
२. घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ।
३. नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ।
४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ।

५. PPP मोडेलमा उद्योगहरु स्थापना गरिनेछ।

**(ट) मानव संशाधन सम्बन्धी नीति**

१. नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command, सेवाग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिने छ। कार्यरत कर्मचारीको आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ।
२. नगरपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारहरु, विषय विज्ञ सल्लाहकार, Consultant र नगरको समूचित विकास र Smart Waling का लागि आवश्यक जनशक्ति नियुक्ति गरिने छ।
३. कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक तालीम कार्यक्रम संचालन गरिनेछ।
४. शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।
५. कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ।
६. नगरपालिका र वडा कार्यालयहरुमा काम गर्ने कर्मचारी मध्ये अतिरिक्त काम गर्ने कर्मचारीहरुको लागि अतिरिक्त काम गरेवापत खाजा, यातायात तथा संचार सुविधा लगायतका सुविधा दिईनेछ। साथै फिल्डमा खटिने प्राविधिकहरुको लागि फिल्ड भत्ता वापतको सुविधा उपलब्ध गराईनेछ।

**(ठ) सुशासन,संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धी नीति**

१. Internet of Things (IoT) को प्रयोग गरिनेछ।
२. संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार नगर कार्यपालिकालाई आवश्यक पर्ने श्रोतको अव्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न Organization Development (OD) अध्ययनको आधारमा पदपूर्ति गरिने छ।
३. नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनीय क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियावाट पदपूर्ति गरिनेछ।
४. सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि, आदिको निर्माण गरि Chain of Command को निर्माण गरिने छ ।
५. सवै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ।
६. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ।
७. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।
८. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन सिमिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्वतिको थालनी गरी यसलाई निरन्तरता दिईनेछ।
९. नगर कार्यपालिकाको वैठकवाट स्वीकृत वालिङ नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ।
१०. नगरपालिकालाई आवश्यक मेशिनरी औजार, ढुवानीका साधन र सवारी सााधनहरु खरिद गरिनेछ।
११. हाल मन्त्रालयबाट प्राप्त संगठन संरचना दरबन्दी विवरण बमोजिमको दरबन्दी स्वीकृत गरी लागू गरीनेछ।

**(ड) मर्यादा पालन सम्बन्धी नीति**

१. नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईनेछ।
२. जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता वनाई लागू गरिनेछ।
३. नगरकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईनेछ।

**(ढ) युवा तथा खेलकूद नीति**

१. खेलकूदको समूचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिनेछ।
२. वालिङ नगरपालिकामा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला विकास गरिनेछ।
३. वालिङ नगरपालिकामा अवस्थित कभर्ड हलको मर्मत सम्भार गरीनेछ।

**(ण) सार्वजनिक नीजि साझेदारी नीति**

१. गाँउ नगरको रुपमा रहेको वालिङ नगरपालिकामा गाउ नगर साझेदारी विकासको रुपमा अगाडि वढाइने छ।
२. निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ।
३. यस नगरपालिका क्षेत्रभित्र केवलकार निर्माण, मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन, प्याराग्लाईडिड. जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ। यसका लागि भिरक,उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

४. वालिङ स्थित वालिङ उद्योग वाणिज्य संघ, जेसीज, लायन्स, रोटरी, स्थानीय क्लवहरु, संचार संस्थाहरु, मिलेनियम ट्रेक व्यवस्थापन समितिसँग सहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछन।
५. उद्योग वाणिज्य संघ जस्ता निकायसँग सहकार्य गरी वजार क्षेत्रमा सि.सि.टि.भी. जडान गर्न पहल गरिनेछ।
६. मासु व्यवसायी संघ सँगको सहकार्यमा मासु पसल सुधार, पशु वधशाला निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
७. भिरक संगको सम्झौतालाई कार्यान्वयनमा लगिनेछ।

**(त) सामाजिक परिचालन तथा टोल विकास नीति**

१. टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ।
२. सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संथागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन गरिनेछ ।

**(थ) सूचना तथा संचार नीति**

१. दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ। क्ष्रुत् प्रणालीलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ।
२. नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ।
३. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।
४. स्थानीय पत्रिका, FM रेडियो, केवल र टेलिभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ।
५. सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
६. खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।
७. वडा र नगरका विभिन्न स्थानहरुलाई Free Wi-Fi Zone बनाईने छ।
८. मोवाईल एप मार्फत घर–घर बाटनै सेवा लिने कार्यको शुरुवात गरीने छ।

**(द) मर्मत सम्भार सम्बन्धी नीति**

१. सवै वडाहरुमा वाह्रै महिना सवारी साधन चल्न सक्ने सडक (All weather roads) वनाउन मर्मत संभार कोष स्थापना गरी सोवाट काम गरिनेछ।
२. नगरपालिकामा रहेका पुराना सवारीसाधनहरु मध्ये चलाउन मिल्ने खालका सवारी साधनलाई मर्मत गरिनेछ र चलाउन नमिल्ने खालका सवारी साधनलाई कानूनी प्रक्रिया पुऱ्याई लिलाम विक्रि गरिनेछ।
३. सडक विभाग अन्तर्गतको मातहतमा निर्मित सिद्धार्थ राजमार्गको छाङछाङदी देखी वायाटारी सम्मको खण्डको वाटोलाई डिभिजन सडक कार्यालय पोखरासँग समन्वय गरी नियमित रुपमा मर्मत सम्भार गरी खाडल रहित सडक वनाउने पहल गरिनेछ।
४. सडकका सानातिना ट्याक खोल्ने, मर्मत सम्भार गर्ने लगायतका कार्यमा नगरपालिकामा रहेको व्याकहो लोडरको प्रयोगलाई प्राथमीकता दिईनेछ।

**(ध) सामाजिक सुरक्षा नीति**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैकिङ्ग प्रणाली मार्फत सरल र सहज रुपमा वितरण गर्ने नीति लिइनेछ।

**न) स्मार्ट सिटि./ आई.टि. सम्बन्धि नीति**

१. वालिङ नगरपालिकाको शहरी क्षेत्रलाई स्मार्ट सिटिको रुपमा तथा ग्रमीण बस्तीलाई स्मार्ट भिलेजको रुपमा विकास गरीनेछ।
२. नगरपालिकाले प्रदान गर्ने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखि पूर्ण डिजिटलाईजेसन, IoT (Internet of Things) को प्रयोगलाई व्यापक बनाईनेछ।
३. नगरपालिकाको दिर्घकालिन विकासको लागि ISO37120:2014 तथा SDG का थिम तथा सूचाङ्कहरुमा आधारित योजनाहरु विकास गरिनेछ।
४. प्रत्येक वार्ड तथा गांउमा रहेका इन्टरनेट नपुगेको स्थानमा ईन्टरनेट कनेन्टीभिटिको जालो फैलाईनेछ।
५. विद्यालय तथा अन्य सार्वजनीक स्थलहरुमा Wi-Fi विस्तार गरिनेछ।
६. नगरपालिकाले गर्ने सम्पूर्ण कार्यहरुमा सकेसम्मको ICT तथा IoT को प्रयोगबाट सेवाग्राहीमैत्री बनाईनेछ।
७. सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरुमा Smart Attendance System लागु गरिनेछ।
८. Sensors, Robotics र Automation लाई बढि भन्दा बढि प्रयोगमा ल्याईनेछ।
९. Digital Divide लाई कम गर्न Digital शिक्षामा जोड दिईनेछ।
१०. Digitalization लाई पूर्ण रुपमा लागु गर्न सोसंग सम्बन्धीत कार्यहरु गरिनेछ।

११. Smart Waling को प्रभावकारीताको लागि विभिन्न क्षेत्रगत तथा विषयगत तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।
१२. स्मार्ट सिटीको विभिन्न कार्यहरु गर्नको लागि आवश्यक विज्ञ, सघ संस्था, गैर सरकारी संस्था, दातृनिकाय तथा अन्य आवश्यक क्षेत्रमा सहकार्य तथा समन्वय गरिनेछ।

**(प) अन्य**

१. संघीय प्रहरी, प्रादेशिक प्रहरी र आवश्यकता अनुसार नगर प्रहरी विच समन्वय गरी शान्ति सुरक्षा र कानूनी नगरको रुपमा विकास गरिने छ।
२. नगरका संवेदनशिल क्षेत्रहरुमा सशस्त्र प्रहरी कार्यालयको गुल्म/गण राख्नका लागि जग्गा छनौट गरी सम्बन्धित निकायमा पहल गरिनेछ।
३. नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ।